लागू औषद
रहित परिवार:
स्वास्थ जिवनको
आधार

नेपाल सरकार
विज्ञापन बोर्ड

बुद्ध दर्पण
राष्ट्रिय दैनिक
The Buddha Darpan National Daily




वर्ष ८ अंक ६२ | ३१ भदौ २०७९ शुक्रबार | 16 September 2022 Friday | पृष्ठ : ४ | मूल्य : ५ रुपैयाँ

# विप्लवका मुद्दा सबै खारेज



काठमाडौं ३० भदौ

सरकारले नेत्र विक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपाका नेता कार्यकर्ताविरूद्ध लगाइएको मुद्दा खारेज गर्ने निर्णय गरेको छ। भदौ २७ गते बसेको मन्त्रिपरिषद् बैठकले मुद्दा खारेज गर्ने निर्णय नेकपाका प्रवक्ता प्रकाण्डले एक विज्ञप्ति जारी गरेर बताएका छन्।

सरकारको निर्णयको स्वागत गर्दै भनेका छन्, 'देउवा सरकार तीन बुँदे सहमतिप्रति प्रतिबद्ध रहेको, कार्यान्वयनको प्रकृया तदारूकताका साथ अगाडी बढाउने र मुद्धा खारेजीका सम्वन्धमा मन्त्रिपरिषद्को बैठकबाट राजनीतिक निर्णय गरी प्रशासनिक एवं अर्ध न्यायिक प्रकृतिका मुद्दा हरूलाई यथाशिघ्र फर्छ्योट गर्न र कानुनसँग अन्तरविरोध राख्ने मुद्धाको हकमा कानुनी व्यवस्था वा कानुन संशोधन गरी मुद्धा खारेज गर्ने भनी भएको सहमति २०७९ भाद्र २७ गते बेलुकी बसेको मन्त्रीपरिषद्को बैठकले निर्णय गरेको छ।'

सरकार र नेकपाबीच भएको सहमतिलाई कार्यान्वयन गर्न मन्त्रीपरिषद्ले गरेको उक्त निर्णयले तिन बुँदे सहमति कार्यान्वयनलाई गुणात्मक प्रदान गरेको उल्लेख गरेका छन्।

नेकपा र तत्कालिन केपी ओली नेतृत्वको सरकारबीच २०७७ फागुन २१ गते तीन बुँदे सहमति भएको थियो। तर, सहमति भएको पाँच महिनासम्म चलेको ओली सरकार सहमति कार्यान्वयन नगरेको उल्लेख गरेका छन्।

## बिदेश पुऱ्याइएका बालकको उद्धार

### *'विदेश पुऱ्याउने व्यक्ति भने फरार'*



**पशुपति गिरी**
कपिलवस्तु ३०भदौ

जोखिमपूर्ण रूपमा भारतको उत्तर प्रदेश पुऱ्याइएका १६ नेपाली बालकको उद्धार गरिएको छ ।भारतको गोण्डा र सिद्धार्थनगरस्थित बालगृहबाट उनीहरूलाई शान्ति पुनः स्थापना गृह नेपाल, देहरादुनस्थित हेल्प क्रस संस्था र इलाका प्रहरी कार्यलय कृष्णनगरको समन्वयमा बुधवार उद्धार गरी नेपाल ल्याइएको शान्ति पुर्नस्थापना गृहको प्रमुख बसन्ती जि.सिले जानकारी दिनुभयो ।

शान्ति पुर्नस्थापना गृहको प्रमुख जि.सिका अनुसार उद्धार गरिएका १६ जना बालकहरुमध्ये १० जना नुवाकोटका , ५ जना रसुवाका र एक जना कैलाली लगायतका जिल्लाबाट १५जना ४ बर्ष देखि १२ वर्षमुनकिा र एकजना १६ बर्षका ती बालकहरूलाई लामा (बौद्ध धर्म) अध्ययन गर्न भनी वयस्कले भारतको करनाटक लैजाने प्रयास गरेका थिए ।

शान्ति पुर्नस्थापना गृहको केन्द्रिय कार्यलयले जिल्ला प्रहरीको अनुमतिमा कानुनी प्रक्रिया मिलाएर बालकलाई अभिभावकसँग पुनर्मिलन गराउने जिम्माका साथ नेपाल ल्याइएको प्रमुख जि.सीको भनाइ छ ।उद्धार गरिएका बालकलाई नेपालको अपराध अनुसन्धान ब्युरोसँग समन्वय गरी अभिभावकको जिम्मा लगाइने प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रले बताउनु भएको छ। ति बालकहरुमा १५ जना तामाङ र एक जना थापा मगर रहेका छन्। उनीहरुलाई अवैध नाकाबाट जोखिमपूर्ण यात्रामा रहेका बालकको उद्धार गर्न सफल भए पनि उनीहरूलाई भारत पुऱ्याउने व्यक्तिको पहिचान हुन सकेको छैन ।

## लुम्बिनी प्रदेशको नगरपालिका संघको संयोजकमा पन्थी, सह-संयोजकमा अर्याल





रूपन्देही, ३० भदौ

रूपन्देही नेपाल नगरपालिका संघ लुम्बिनी प्रदेशको संयोजकमा रेसुंगा नगरपालिकागुल्मीकाप्रमुखखिलध्वज पन्थी निर्विरोध निर्वाचित भएका छन् । बिहीबार लुम्बिनी प्रदेशको भैरहवामा सम्पन्न नगरपालिकाका प्रमुख र उपप्रमुखहरूको भेलाले पन्थीलाई अध्यक्षमा सर्वसम्मत चयन गरेको हो ।पन्थी नेपाली कांग्रेस गुल्मीका सभापति हुन् । भेलाले सहसंयोजकमा बाणगंगा नगरपालिकाका प्रमुख चक्रपाणि अर्याललाई चयन गरेको छ । उनी एमालेबाट निर्वाचित भएका हुन् ।

जनप्रतिनिधिहरूले संघलाई प्रदेशका सबै नगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरूको प्रतिनिधित्व हुने गरी सहमतिमा कार्यसमिति चयन गर्ने नीति बनाएका छन् । यसअघि नगरपालिका संघको संयोजकमा बुटवल उपमहानगरपालिकाका प्रमुखमा शिवराज सुवेदी थिए । नगरपालिका संघमा लुम्बिनी प्रदेशमा पहिलो हुने पार्टीले संयोजक र दोस्रो दलले सहसंयोजक लिने व्यवस्था छ। भेलाले माओवादी केन्द्र, जसपा, जनमोर्चालगायत दललाई सदस्य दिएको र १५ सदस्यीय संघ बनेको पूर्वसंयोजक सुवेदीले बताए।

# तातोपानी र रसुवा नाका खुल्यो



काठमाडौं ३० भदौ

झण्डै एक महिना बढी समयदेखि कोभिड-१९ को सङ्क्रमण बढेको भन्दै बन्द भएका तातोपानी र रसुवातर्फका नाका विहिवारदेखि खुलेका छन् ।

नेपालको चार दिने औपचारिक भ्रमणमा आउनुभएका जनवादी गणतन्त्र चीनको राष्ट्रिय जनकांग्रेस, स्थायी समितिका अध्यक्ष ली चान्शुको भ्रमणका क्रममा भएका द्विपक्षीय सहमतिपछि नाका खुलेको बताइएको छ । साथै कोभिड-१९को सङ्क्रमण घटेकाले पनि दुवै नाका आजदेखि सञ्चालन गरिएको समेत जनाइएको छ।

नाका खुलेसँगै रसुवाबाट बिहान सात ठुला कन्टेनर सामान नेपाल भित्रिसकेको र बाँकी सात कन्टेनर साँझसम्म आइपुग्ने भन्सार विभागका सूचना अधिकारी पुण्यविक्रम खड्काले जानकारी दिए । रसुवा नाकाबाट यसअघि दैनिक ठूला १४ कन्टेनर समान आउने गरेका थिए। तातोपानी नाकाबाट रसुवा नाकाको तुलनामा केही कम सामान आउने गरेको र बढी फलफूल आउने गरेको विभागले जनाएको छ।

अध्यक्ष लीको भ्रमणका क्रममा भएका उच्चस्तरीय भेटवार्तामा नेपालका तर्फबाट ती नाका खुला हुनुपर्ने आवाज उठेको थियो । प्रधानमन्त्री शेरबहादुर देउवासँग मङ्गलबार भएको अध्यक्ष लीकोप्रतिनिधिमण्डलस्तरीयभेटवार्तामा उनीहरुबीच द्विपक्षीय व्यापार, लगानी, कनेक्टिभिटी, चीनमा अध्ययनरत नेपाली विद्यार्थी फिर्ता, यात्रु उडान सुरु गर्ने, सीमा बन्दरगाह खोल्नेलगायतका आपसी हितका विविध विषयमा छलफल भएको थियो।

भेटवार्ताका अवसरमा अध्यक्ष लीले चीनले तिब्बतमा कोभिड-१९ को सङ्क्रमण कम भएसँगै सीमा बन्दरगाह खोल्ने र नेपालमा आगामी चाडपर्वका लागि सामान र अत्यावश्यक सामग्री ओसारपसार गर्ने कन्टेनरलाई सहजीकरण गर्ने आश्वस्त पारेका थिए । सभामुख अग्निप्रसाद सापकोटाको मैत्रीपूर्ण निमन्त्रणामा अध्यक्ष ली सोमबार विशेष विमानबाट नेपाल भ्रमणमा आएका थिए।

भ्रमणका क्रममा अध्यक्ष लीले राष्ट्रपति विद्यादेवी भण्डारीसँग शिष्टाचार भेटवार्ता गर्नुभएको थियो । सभामुख सापकोटा र अध्यक्ष लीले सोमबार संसद् भवन नयाँ बानेश्वरमा प्रतिनिधिमण्डलस्तरीय द्विपक्षीय वार्ता गरी सहयोगसम्बन्धी छ बुँदे सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए।

अध्यक्ष ली र राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाबीच शिष्टाचार भेटवार्ता भएको थियो । यसैगरी प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग अध्यक्ष लीको शिष्टाचार भेटवार्ता भएको थियो । अध्यक्ष ली भ्रमण सम्पन्न गरी आज बिहान विशेष विमानबाटै फर्किएका हुन् ।

## सम्पादकीय

# डेंगु, डर र भर

डेंगुका विरामी ११ हजार पुगेर ११ जनाले ज्यान पनि गुमाएछन् हिजोसम्म । अझै १/२ महिना यसको डर रहन्छ भनिएको छ । अस्पताल र औषधिको भर छैन । विकल्प पनि देखिदैन । मान्छेले मेवाका पात पकाएर र बाख्राको दुध तताएर खाएर जान्छ भन्छन् । तर पुरै पत्याउने आधार छैन । कोरोना महामारी आउनुपूर्व थियो र अहिले कोरोना संगसंगै पनि छ । कालले कसैको ज्यान लिएको जस लिदैन भन्छन् । नयाँ आवरणमा आउँछ र मिति पुगेकालाई टिपेर लैजान्छ भन्नेको कमी छैन । तर पनि मान्छेको बाँच्ने रहर सकिदैन । सास रहुञ्जेल आश त्यसै भनिएको पनि हैन । कोरोना छ र छ डेंगुको डर पनि । तर पहिलेजति हल्लाखल्ला बढी छैन । सावधान नरहे सुरक्षित रहन पनि सकिदैन । अर्काप्रति भर गरेर हैन आफैप्रति विश्वास गर्नुस् र सुरक्षाका सवै उपाय अपनाउनुस् । कोरोना र डेंगुबाट मात्रै हैन, अरु धेरै रोगबाट पनि बँच्नुस् र सतायुसम्म बाँच्नुस् । हाम्रो शुभेच्छा छ ।

कोरोनाको खोप उपलब्ध गरायो सरकारले । यसका लागि धन्यवाद दिनै पर्छ । कसैले २/३ वटासम्म लगाइसक्दा पनि कसैले एउटा लगाउन जाँदैनन् भने त्यस्ताको जिम्मा सरकारले लिन सक्दैन । संसारमा जे उपलब्ध छ, त्यो सम्भव भएसम्म ल्याएर, लगाउन लगाएर आफ्ना जनतालाई बँचाउने हो । तर डेंगु विरुद्धको खोप नबनेर हो वा दबाब दिनेले नभनेर, नदिएर हो आएको छैन र लगाउन चाहनेले पनि पाएको छैन । सम्भव छ, बनेको छ भने सरकारले खोजेर ल्याएर लगाइदिने काम गरोस् । डरचाहिँ देखाउने भर नदिने कामचाहिँ गर्न भएन । ७७ मध्ये ७५ जिल्लामा पुगीसकेछ डेंगु । तराई/मधेश र शहरी क्षेत्रमा मात्रै हैन, पहाडका कुना काप्चामा समेत पुगीसकेपछि त अलि सोच्न पर्‍यो नि । लक्षण यस्तो हुन्छ र उस्तो हुन्छ भन्ने, लामा बाहुला भएका र शरीर ढाक्ने कपडा लगाउन लगाउने, घर वरिपरि पानी जम्ने खाल्टाखुल्टी भए पुरेर औषधि छर्ने अर्ती दिने, तर औषधोपचारको व्यवस्था नगर्ने हो भने कसैले राम्रो भन्दैन, मान्दैन । अहिले पनि मानेको छैन ।

कसैले पनि म रोगी बनुँ, आफै दुःख पाउँ र अरुलाई पनि दुःख दिउँ भन्ने कुरा सोच्दैन । नसोच्दा नसोच्दै र नँचाहँदा नँचाहँदै पनि भइन्छ । जो रोगी छ ऊ आफै पीडित छ र उसको परिवार पनि रोगकै कारणले प्रताडित हुन परेको हुन्छ । पीडित र प्रताडितलाई सघाएर, उपचार र उपकार गरेर निरोगी बनाउने हो । मानवीय सेवाको काम त्यही हो - भोकालाई खाना, नांगालाई नाना, ओत नभएकालाई छाना र विरामीलाई उपचार गरेपछि धर्म हुन्छ । आशिक पाइन्छ । सोह्रश्राद्धको समयमा पितृलाई तर्पण अर्पण र पिण्ड सिण्ड दिएपछि बाहुनलाई खुसी हुने गरि खुवाएर दान गर्ने चलन छ । त्यो नगर्नुसचाहिँ भनेको हैन, छैन, तर विपतमा परेकालाई पनि हेर्नुस् र पुण्य कमाउनुस् भन्नचाहिँ छाडिदैन । कोरोना र डेंगुले सताइएका विपन्नको डर भगाएर भर दिएर आशिक पनि लिन नभुल्नुस् है ।

# राजनीतिक वर्ग र पुनरुत्पादनको चक्र

**झलक सुवेदी**

मंसिर ४ का लागि तय भएको निर्वाचनसँगै नेपालमा राजनीतिक दल, त्यसको नेतृत्व, नेतृत्वले खेलेको भूमिका र बनाएका नीतिहरूबारे बहस आरम्भ भएको छ। कोकोमध्ये कसलाई छान्ने भन्ने अवसर सामुन्ने आएपछि समाजमा को ठीक र को बेठीक भन्ने बहस हुने नै भयो। यस्तो बहस आग्रह र पूर्वाग्रहसहितको हुन्छ।

मार्क्सेलीहरू राजनीति स्वभावैले वर्गसापेक्ष हुन्छ भन्छन्। कुनै न कुनै दल या दलभित्रका स्वार्थ समूह या स्वतन्त्र उम्मेदवारका नाममा हुने समूहगत भावनाको प्रतिनिधित्वका माध्यमबाट यस्ता वर्गस्वार्थहरूको प्रतिनिधित्व गरिन्छ। वर्गस्वार्थले मात्र सामाजिक समूहहरूका विविध स्वार्थको प्रतिनिधित्व गर्न नसक्ने भन्दै नवमार्क्सेलीहरूले जेन्डर, वातावरण, जलवायु परिवर्तन, पहिचानजस्ता विषयहरू र सबाल्टर्नहरूको प्रतिनिधित्वको पनि वकालत गर्छन्। त्यसको अभिव्यक्ति पनि अन्ततः राजनीतिक वर्गका माध्यमले नै हुन्छ। आज दबाब समूह जस्तो, अल्पकालीन आन्दोलन र अभियान जस्तो देखिने या समूह या त्यसमार्फत पहिचान बनाएका व्यक्ति पनि अन्ततः राजनीतिक शक्तिमै बदलिन्छन्। नेपालमा यता केही स्वतन्त्र व्यक्तिहरू या तिनका समूहहरू नयाँ हकवाला बनेर सामाजिक स्वार्थ समूहको प्रतिनिधित्व गर्न आइरहेका छन्। गएको स्थानीय तह निर्वाचनबाट देखिएको लौरो समूह यस्तैमा पर्छ। तर मूलतः हाम्रो निर्वाचनले विद्यमान राजनीतिक दल या तिनका गठबन्धनहरूबीच छनोट गर्नुपर्नेछ। यस सन्दर्भमा नेपालको आउने निर्वाचनपछि पनि संसद्मा निर्णायक हैसियतमा पुग्ने, देशका नीति बनाउने, स्रोतहरूको व्यवस्थापन गर्ने, कानुन बनाउने राजनीतिक वर्ग (पोलिटिकल क्लास) का विषयमा बहस हुनु सान्दर्भिक नै हुनेछ।

राजनीतिक वर्ग सम्बन्धी अवधारणा समाजको शक्ति सम्बन्धको विश्लेषणमा प्रयोग हुँदै आएको छ। ठ्याक्कै सय वर्षपहिले जर्मन समाजशास्त्री म्याक्स वेबरले तीन थरी वर्गको सिद्धान्त प्रतिपादन गर्दै सामाजिक हैसियत, आर्थिक हैसियत र राजनीतिक शक्ति – वर्ग (आर्थिक), तहगत हैसियत (सामाजिक) र पार्टी (राजनीतिक) – का रूपमा सामाजिक वर्गको विश्लेषण गरेका रहेछन्। उनले समाजमा कसको सम्मानको तह कुन हुन्छ भन्ने कुराले निर्धारण गर्ने शक्ति, को कति आर्थिक रूपले सम्पन्न छ भन्ने आधारमा निर्धारण हुने शक्ति र कुनै राजनीतिक समूहमा आबद्ध भएकाले राज्यको नीति र कानुन बनाउन सक्ने हैसियतका आधारमा निर्धारण हुने शक्तिका रूपमा तीन वर्गको व्याख्या गरेका थिए। यी तीनवटै वर्ग अन्तरघुलन भएर राजनीतिक वर्ग बन्छ र त्यसले आफ्नो पुनरुत्पादन पनि गर्दै जान्छ। नेपालको इतिहासमा पाटनका छ प्रधानहरूको समूह राजनीतिक वर्गका रूपमा चिन्न सजिलो हुने समूह-विम्ब हो। पृथ्वीनारायण शाहका समयमा गोर्खाबाट राज्य विस्तारसँगै आएका दरबारिया भारदार, सैन्य अधिकारी तथा काजीहरू र गुरु-पुरोहितहरू मिलेर बनेको समूह त्यस्तो अर्को समूह हो। राणाहरूको परिवार र त्यसको आसेपासे भएर स्रोत र शक्ति आर्जन गर्नेले अहिले पनि सम्भ्रान्त वर्गका रूपमा आफ्नो हैसियत प्रयोग गरिरहेको छ (गोर्खाली शासक र त्यसपछिका यस्ता राजनीतिक वर्गका बारेमा महेशचन्द्र रेग्मी र लुडविग स्टिलरहरूको अध्ययनलाई आधिकारिक मान्ने गरिन्छ)। २००७ सालपछिको शाह परिवार (राजा वीरेन्द्रको वंशनाशपछि उनका नाममा देखिएको सम्पत्तिको विवरण) र विभिन्न नाममा मधेशमा जमिन पाउनेले अर्को वर्ग निर्माण गरेका थिए। २०४७ सालपछि नेपाली कांग्रेस र नेकपा एमालेका नेता-कार्यकर्ता, २०६३ सालपछि त्यसमा थपिएका माओवादी र पहिचानवादी दलका नेता-कार्यकर्ताको वर्गलाई राजनीतिक वर्गका रूपमा चिन्न सकिन्छ जसले वेबरले भनेका तीनवटै वर्गको सोलोडोलो प्रतिनिधित्व गर्छन्। र त्यसको निरन्तर पुनरुत्पादन पनि गरिरहेका छन्।

नेपालमा राजनीति गर्नेहरूको वर्ग सम्बन्धी विभिन्न अध्ययन भएका छन्। २०५० सालपछि प्रकाशित प्राध्यापक लोकराज बराल र कृष्ण हाछेथुको अनुसन्धनात्मक कृति 'पोलिटिकल पार्टिज इन नेपाल' त्यसको एउटा उदाहरण हो। शास्त्रीय व्याख्यामा नअल्झी वर्तमान नेपालको राजनीतिमा राजनीतिक वर्गहरूको चरित्र कस्तो छ भन्नेबारे अनुभवजन्य विश्लेषण गर्ने प्रयास मात्र यो आलेखमा गरिनेछ।

हाम्रा राजनीतिक दलहरूका नेता-कार्यकर्ताको भर्तीस्रोत मुख्यतया मध्यम किसान र साना व्यवसाय गर्ने परिवारका सदस्यहरू हुन्। पछिल्लो समय यसमा मध्यम या ठूलो स्तरका उद्योग-व्यवसायीहरू पनि सामेल भइरहेका छन्। शिक्षक, पत्रकार, वकिल, प्राध्यापक, कलाकारहरूबाट पनि राजनीतिमा कार्यकर्ताहरूको आपूर्ति भइरहेको हुन्छ। मध्यम तथा धनी किसान परिवारका सन्तानहरू कलेज पढ्ने क्रममा किशोरावस्था कट्दा-नकट्दै राजनीतिक संगठनमा आबद्ध भएर राजनीतिमा संलग्न हुने र पछि नेतृत्वमा पुग्ने गरेका छन्। एमाले अध्यक्ष केपी शर्मा ओलीजस्ता निम्नमध्यम या गरिब किसान परिवारबाट शीर्ष नेतृत्वमा पुग्नेको संख्या नगण्य नै छ। आजको पार्टी राजनीतिको उपल्लो सोपानमा हुनेहरूमध्ये ९० प्रतिशतभन्दा बढीजसो पञ्चायतकालमै संगठनमा हिँडेर निरन्तर राजनीति गरेपछि यो तहमा पुगेका हुन्। त्यस अर्थमा अहिलेका नेतृत्वहरूमा सीमित संख्यामा मात्रै उच्च वर्गस्रोत भएकाहरू छन्। यहाँ भने जिल्लास्तरको राजनीतिक वर्गको विषयमा चर्चा गरिनेछ।

पञ्चायतकालमा राजनीति गरेर दुःख गरेकाहरूमध्ये खुला राजनीतिमा आएर सत्तासञ्चालक हुन थालेपछि केही राजनीतिलाई निरन्तरता दिन नसकेर पछि हटे पनि धेरैले एक पटक सत्ता या शक्तिमा पुगेपछि निरन्तर पार्टी सत्ताको उपभोग गरिरहेका छन्। यसको एउटा चक्र र अन्तरसम्बन्ध हुन्छ। सरकारी सुविधा पाउने गरी निर्वाचन जितेपछि या त्यस्तै सुविधा आउने राजनीतिक नियुक्ति पाएपछि त्यसका वरपर स्वतः सामाजिक हैसियत थपक्क आएर बस्छ। मानिसहरूले नमस्कार गर्न थाल्छन्। बाटामा भेट हुँदा केही खुवाएर पठाउन या घरमा स्वागत गर्न पाउँदा खुसी हुन्छन्। यो शक्ति-सामीप्यका माध्यमबाट छिमेक, बिरादरी या आफ्नै दलका अरू कार्यकर्तालाई प्रभावित गर्ने तरिका पनि हो र राजनीतिक वर्गमा उक्लने माध्यम पनि। राजनीतिक शक्ति पाएसँगै उनीहरूको सामाजिक हैसियत ह्वात्तै बढ्छ। प्रहरी या प्रशासनका मानिसहरूले, व्यापारी र उद्योगीहरूले यिनका कुरा सुन्छन्। प्रशासनका मानिस, व्यापारी या प्रहरी र राजनीतिक व्यक्तित्वबीच सहयोग आदानप्रदानको अघोषित साँठगाँठ हुन्छ। कसैलाई जागिर लगाइदिन्छन्। कसैलाई चन्दा दिन्छन्। सरुवा-बढुवा र नियुक्तिमा राजनीतिक वर्गको दबाबले काम गर्ने हुँदा तिनका वरपर समर्थक र भनेको मान्नेहरूको भीड पनि जम्मा हुँदै जान्छ।

सरकारी सुविधा जोगाउन सक्यो भने सहरमा नभएको घडेरी र घर जोडिन सक्छ। केही वर्षमा आफ्नो निजी सवारीसाधन बन्छ। (सम्भवतः सुदूरपश्चिम र कर्णालीबाट या दुर्गमबाट राजनीतिमा आउनेमध्ये पहिले नै उच्च वर्गस्रोत भएकाबाहेक अरू लामो समय टिक्न सकेका छैनन्, त्यसको पनि भौगोलिक र सामाजिक कारण छ।) सरकार या संसद्बाट बनाइने नीति र ऐनले आर्थिक अवसरहरू खुल्छन्। यस्तो अवसरबाट सीमित व्यक्तिले फाइदा लिन्छन् र तरक्की गर्छन्। यसको पुरस्कारस्वरूप आर्थिक उन्नति गर्ने वर्गले राजनीतिक वर्गलाई आर्थिक भरथेग गर्छ। सांसद छ भने सांसद विकास कोषका रूपमा आफूले भनेको ठाउँमा बजेट हालेर या केही योजना निर्वाचन क्षेत्रमा लगेर तलका कार्यकर्ता र मतदातालाई प्रभावित गर्न सक्छ र आफ्नो

निर्वाचन क्षेत्र स्थायी बनाउन सक्छ। कतिसम्म भने, जति माथि चढ्यो त्यति आफ्नो निर्वाचन क्षेत्रमा जान-आउन सहज हुन्छ। अब व्यापारीले, ठेकेदारले या कुनै संघसंस्थाले आउने-जाने हवाई भाडा र खाने-बस्ने व्यवस्था गरेर निम्तो गर्न सक्छ। निर्वाचन क्षेत्रमा जाँदा लाग्ने उसको खर्च जोगिन्छ। यसरी उसलाई राजनीतिक शक्ति, सामाजिक हैसियत र आर्थिक वर्गका रूपमा पहिलेको भन्दा माथिल्लो अझ माथिल्लो तहमा जाने ढोका खुल्छ। त्यसबाट प्राप्त हैसियतको प्रयोगबाट छोराछोरीलाई स्कलरसिप मिलाउन, उच्च शिक्षा दिन र तिनलाई गतिलो आयस्ता हुने काममा व्यवस्थापन गर्न सम्भव हुन्छ। नेपालको अहिलेको राजनीतिक वर्गको जिल्लादेखि केन्द्र तहसम्म यसरी फाइदामा पुगेको तप्का पनि छ।

सन् १९९० पछिको आर्थिक सुधार र उदारीकरण तथा यसबीच पूर्वाधारका क्षेत्रमा राज्यबाट भएको लगानीबाट समाजका दुइटा तप्कालाई निकै फाइदा भएको छ। एउटा निजी उद्यम या व्यवसाय गर्ने जोखिम मोलेको समूहको हिस्सा छ। निजी विद्यालय या कलेज चलाउने, बैंक चलाउने, निर्माण व्यवसाय गर्ने, कमिसन एजेन्टको काम गर्ने, ठूलो स्केलको फर्म चलाउनेहरूको समूह पनि यसैमा पर्छ। रियलस्टेटहरू, म्यान पावर कम्पनी, मेडिकल कलेज, तालिम केन्द्रहरू, नर्सिङ होम या कलेज सञ्चालकहरूको एउटा हिस्सा पनि यस्तो कमाउनेमा पर्छ। अर्को फाइदामा गएको वर्ग भनेको सहर बजार र यातायात पुगेका ठाउँवरपर पुर्ख्यौली जमिन भएको वर्ग हो। यसलाई कुनै खास मिहिनेत नगरी, परिश्रम र उद्यम नगरी या जोखिम नउठाईकनै पनि रातारात धन हात लागेको छ। पहिले जमिन धेरै भएर पनि निर्वाह गर्न नसकेको परिवार एकै पटक केही जमिन बेचेर ठूलो घर बनाउने, निजी सवारी खरिद गर्ने, सन्तानलाई राम्रो शिक्षा दिने हैसियतमा गएको छ। उदारीकरणकै समयदेखि बढेको यो जग्गाको कारोबारले अर्को एउटा तप्काले पनि फाइदा लिएको छ, अत्यन्त अल्प समयमा गरिएको खेलोफड्कोबाट।

यो तप्काले पनि राजनीतिक र सामाजिक हैसियतमा दाबी गर्न थालेको छ। नेताहरूलाई चन्दा दिने, तल कार्यकर्ताहरूलाई भरथेग गर्ने, सामाजिक काममा लगानी गरेर त्यसमार्फत हैसियत बनाउने र त्यसको प्रयोग राजनीतिक पदप्राप्तिका लागि गर्ने पनि राजनीतिक हैसियत पाउन नै हो। यो नवधनाढ्य समूह राजनीतिमा अहिले या प्रत्यक्ष रूपमा संलग्न छ या त प्रभाव पारिरहेको छ।

धनलाई राजनीतिक शक्तिप्राप्तिको माध्यम बनाउनेमा परिश्रम गरेर, जोखिम मोलेर उद्योग तथा व्यवसाय सञ्चालन गर्दै धन आर्जन गरेकाहरूको समूह पनि संलग्न छ। प्रशासन र सरकारी गैरसरकारी सेवामा लामो समय काम गरेर मान आर्जन गरेको समूह पनि यसमा लालायित छ। यी सबै मिलेरै नेपालको राजनीतिक वर्गको निर्माण भएको छ जसको 'कमान्ड एन्ड कन्ट्रोल' भने पेसेवर राजनीतिक कार्यकर्ता र नेताहरूकै हातमा छ।

हालै पोखराका केही राजनीतिक कार्यक्रममा सामेल हुने अवसर मिलेको थियो। त्यस क्रममा नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी र एकीकृत समाजवादीका नेता-कार्यकर्ताहरूसँग संवाद पनि भएको थियो। उद्योग, व्यापार, व्यवसाय, उपभोक्ता समिति, विद्यालय सहयोग समिति, खानेपानी व्यवस्थापन, टोल सुधारजस्ता काम गर्ने यिनै हुन्। राज्य चलाइरहेका या चलाउने ठाउँमा पुग्न प्रयास गरिरहेका छन्। यिनमा तीन थरी नेता-कार्यकर्ता देखिँदा रहेछन्। निजी गाडी हुनेहरू, मोटरसाइकल चढ्नेहरू र तिनीहरूसँग लिफ्ट लिने या सार्वजनिक सवारी प्रयोग गर्नेहरू। मलाई कस्तो लाग्यो भने, पार्टीहरूको कमान्ड निजी गाडी हुनेहरूले गरिरहेका छन्, मुख्य खट्नेचाहिँ मोटरसाइकल-स्कुटर हुनेहरू छन्, भुइँ तहको पार्टी धान्नेहरूमध्ये धेरै सार्वजनिक सवारी चढ्नेहरू छन्। यो घाँटी रेट्ने प्रतिस्पर्धामा निजी सवारीका रूपमा गाडी चढ्नेलाई सार्वजनिक सवारी चढ्नेले कहिले भेट्टाउला भन्ने जिज्ञासाको उत्तर भने मसँग पनि छैन। यसै गरी समाजको इन्द्रेनीस्वरूप मेटिएको छ। लेखक, कलाकार, शिक्षक चिकित्सक, आदि सबै यो या त्यो पार्टीमा विभाजित छन्। जब चुनाव आउँछ अनि स्वतन्त्र र आलोचनात्मक चेतनाको अस्तित्व बचाइरहन नसकिने गरी समाज ध्रुवीकृत हुन्छ। पार्टीको सोपान निर्माणको वर्तमान प्रणालीले उस्तै चरित्र भएका नेता-कार्यकर्ताको पुनरुत्पादन गर्ने र जीवन्त प्रतिस्पर्धालाई निषेध गर्ने सम्भावना पनि छ। पार्टीहरूको नोकरशाहीकरणले यस्तो प्रक्रियालाई थप बल पुग्छ।

निर्णायक तहमा महिला सहभागिता प्रभावकारी भइसकेको छैन। कतिपय निर्णय पुरुषहरू चिया पिउँदै या कतै खानपिन गर्दै बसेर गर्छन् र बैठकहरूमा अनुमोदन गराउँछन्। महिलाहरूलाई उनीहरू नै इन्चार्ज या प्रमुख भएका कमिटीमा बाहेक अन्यत्र निर्णय प्रक्रियामा आरम्भदेखि सामेल गराउन आवश्यक ठानिन्न।

राजनीतिक वर्गको पुनरुत्पादन अहिलेजस्तो प्रक्रियाबाट भइरहेको छ, त्यसले वर्गसत्ता, समाजको सत्ता र राजनीतिक सत्ता सीमित व्यक्तिका हातमा केन्द्रित गर्ने राजनीतिक प्रणाली विकास गर्छ। यस्तो शक्ति केन्द्रीकरणले अल्पतन्त्रको निर्माण गर्छ, दस-बीस वर्षपछि यी दलहरूलाई समयको माग अनुसार परिवर्तन हुन, विद्यमान अन्तरविरोधहरूको प्रगतिशील समाधान खोज्न र समाजलाई निरन्तर गतिशील बनाउन बाधा पुऱ्याउँछ। यसो भयो भने राजनीतिक नेतृत्व क्रमशः यथास्थितिवादमा फस्ने र समाजको आर्थिक-सामाजिक रूपान्तरणलाई अवरुद्ध पार्ने जोखिम बढ्न जान्छ। जुन दलमा हेर्दा पनि उस्तै वर्गस्वार्थ र उस्तै अनुहारको उत्पादन-पुनरुत्पादन भइरहन्छ। पहिलेजस्तो नेपाली कांग्रेस, एमाले र माओवादीहरूको वर्गस्रोत र मतदाताको आधार फरक रहन छाडेको छ। अर्थात्, प्रकारान्तरले एउटै वर्गस्वार्थका भिन्न समूहहरू यी दलमा बाँडिएर सत्ता उपभोग गरिरहेको जस्तो देखिन्छ। वैचारिक-सैद्धान्तिक

(बाँकी ३ पेजमा >>>


कृष्णनगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

फोन न. ०७६५२०१४७
फ्याक्स न.+९७७७६५२०६८४

पत्र सङ्ख्याः २०७९/८०
चलानी नम्बर :

कृष्णनगर,कपिलवस्तु
लुम्बिनी प्रदेश,नेपाल

मितिः२०७९|०५|३१

बोलपत्र स्वीकृत गर्ने सम्बन्धमा आशयको सूचना

यस कृष्नानगर नगरपालिकाको आ.व.२०७९/८० को लागि ठेक्का द्वारा कृष्णनगर नगरपालिका वडा नं.१को शौचालय शुल्क संकलन गर्न(Contract Number KNM/NCB/Sauchalay-01/079/80) का लागि मिति २०७९/०५/०३ गते बुद्ध दर्पण राष्ट्र दैनिक मा प्रकाशित बोलपत्र आव्हान सम्बन्धि सूचना अनुसार रितपूर्वक मिति २०७९/०५/१९ गते सम्म दिउसो १२:००बजे सम्म पर्न आएका तपसिल ठेक्का नम्बर र बोलपत्रदाताको बोलपत्र बढी मुल्यांकित भई सारभूत रुपमा प्रभावग्राही भएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

| क्र.स. | ठेक्का नं. | बोलपत्रदाताको नाम ठेगाना | आयोजनाको नाम | कबोल अंक(मु.अ.करसहित मासिक रु.) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | KNM/NCB/Sauchaaly-01/079/80 | सुरज धोबी कृष्णनगर न पा.-०२ | कृष्णनगर नगरपालिका वडा नं.१को शौचालय शुल्क संकलन | ४,१२,२००/- | |

रामचन्द्र ढकाल
प्रमुख प्रशासकीय अधिकृत

# गाउँघरमै पुगी परिचय पत्र

**अराज बेल्बासे**
अर्घाखाँची ३० भदौ



शितगंगा नगरपालिकाले अपांग परिचय पत्र बितरण सुरु गरेको छ। सरकारले "क" र "ख" बर्गका अपांगता भएका ब्यत्तीहरुलाई सामाजिक सुरक्षाभत्ता उपलब्ध गराउने भएकोले त्यसका लागि अपांग परिचयपत्र अनिवार्य भएकोले बिगत लामो समय देखि बितरण नगरिएको परिचय पत्र बितरण सुरु गरिएको हो।

नगरपालिकाले हरेक महिना परिचय पत्र बितरण गर्ने गरेको भए पनि हाल धेरै समय देखि भने बितरण हुन सकेको थिएन। नगरपालिकामा केहिदिन अघि सञ्चालन गरिएको सिबिरमा विभिन्न वडाका १०० बढि निबेदनको आधारमा प्राथमिक स्वास्थ केन्द्रका डाक्टर अजय चौधरी, अपांग परिचयपत्र बितरण समितिका संयोजक गिता भाट, नगरप्रमुख छबिलाल पौडेल, प्रमुख प्रशासकीय अधिकृत झबिन्द्र खनाल, महिलाशाखा प्रतिनिधि नरमाया सुबेदी लगायतको उपस्थितिमा १ जनालाइ (क) बर्ग १९ जना (ख) बर्ग २९ जना (ग) बर्ग र १५ जनालाई (घ) बर्गको परिचय बितरण गरिएको छ अब हरेक महिनाको १५ गते बितरण हुने प्रमुख प्रशासकीय अधिकृत झबिन्द्र खनालले जानकारी दिनु भयो।

यस्तै भौगोलिक रुपमा टाढा र आउन समस्या भएका वडा नम्बर ९ र १४ का बिभिन्न गाँउमै पुगेर परिचय पत्र बितरण गरिएको नगर उपमेयर गिता भाटले जानकारी दिनु भयो। बिकट र टाढा रहेकाहरुलाई आउन जान २ दिन लाग्ने भएकोले गाँउमै पुगेर बितरण गरेको भाटले जानकारी दिनु भयो। छुटेका वडाहरुमा समेत आउन जसक्नेहरुका गाँउमै पुगेर बितरण गर्ने र अब हरेक महिना बितरण गर्ने ब्यवस्था मिलाएर जनतालाई सुबिधा दिने नगर उपमेयर भाटले बताउनु भयो।

सूचना ! सूचना ! सूचना !

कृषि ज्ञान केन्द्र कपिलवस्तुबाट आ.व. २०७९/८० मा संचालन गरिने कार्यक्रमहरुको प्रस्ताव आवहान गरिएकाले मिति २०७९/६/१२ गते भित्र रितपुर्वक प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**कार्यक्रमहरु**
१. मागमा आधारित कृषि विकास कार्यक्रम
२.वाली वस्तु विषेश प्रवर्द्धन कार्यक्रम (तोरीः- मायादेवी, आलुः- शिवराज)
३.सिचाई सहित कृषि विकास कार्यक्रम
४. विउ आत्मनिर्भर कार्यक्रम (आलु)
५. साना कृषि यन्त्र उपकरण अनुदान सहयोग

**थप जानकारीका लागि कृषि ज्ञान केन्द्र, नजिकको स्थानिय तह कृषि शाखा वा ९८५७०५३०६३ मा सम्पर्क राख्न सकिने छ ।**

ग्राहक बन्नु परेमा र पत्रिका नआएमा हामीलाई सम्पर्क गर्नु होला।
सम्पर्क नं.०७६५५०२६०

# आयुर्वेद स्वास्थ्य सेवा विस्तार



प्युठान ३० भदौ

सङ्घीय संरचनासँगै स्थानीय तहमा पनि आयुर्वेद स्वास्थ्य सेवाको पहुँच पुग्न थालेको छ। प्युठान आयुर्वेद स्वास्थ्य सेवा केन्द्रसँगै नागरिक आरोग्य केन्द्र, औषधालय, विस्तारित वा केन्द्रबाट सेवा प्रवाह गरिएको केन्द्रका निमित्त प्रमुख शिशिर पोखरेलले बताउनुभयो। सङ्घीय सरकारको नीति तथा कार्यक्रमअन्तर्गत पालिकास्तरमा आयुर्वेद सेवा विस्तार भएका हुन्। ती केन्द्रले नियमित स्वास्थ्य जाँचसँगै गाउँमा औषधिको प्रवर्द्धन र योग, ध्यानलगायतको व्यवहार परिवर्तनका कामसमेत गर्दै आएका छन्।

सो केन्द्रमा चिकित्सकीय सेवासहितको पञ्चकर्म, पूर्वकर्म, ल्याब सेवासहितको सुविधा उपलब्ध छ। त्यसबाहेक अरू ठाउँबाट पनि उपचारसँगै व्यवहार परिवर्तनका लागि योग ध्यानका विषयमा परामर्श दिने गरिएको जानकारी पोखरेलले दिनुभयो।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
## घरेलु तथा साना उद्योग कार्यालय
तौलिहवा कपिलवस्तु

**सचना प्रकाशित मितिः २०७९।५।३०**

यस कार्यालयको आ.व. २०७९।०८० को बार्षिक स्विकृत कार्यक्रम बमोजिम यस कार्यालयद्वारा सञ्चालन हुने तपशिल बमोजिमका कार्यक्रम अन्तर्गत सिपमुलक तालिम लिन इच्छुक नेपाली नागरिकले तपशिल बमिजिमका आवश्यक कागजात सहित यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफुले लिन चाहेको तालिम उल्लेख गरी घरेलु तथा साना उद्योग कार्यालय कपिलवस्तुमा दरखास्त दिनुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ।

| सि.नं. | कार्यक्रम | संख्या | आवश्यक न्युनतम योग्यता तथा कागजातहरु | तालिम को सम्भावित बिषय तथा अवधी |
|---|---|---|---|---|
| १ | विपन्न तथा मुक्त कमैया माझी,कुमाल चुनारा, एवं लोपोन्मुख सिमान्तकृतलाई सिपमुलक तालिम र प्रविधि हस्तान्तरण | १५जना | तालिम पछि व्यवसाय संचालन गर्ने इच्छा भएको,साधारण लेखपढ गर्न सक्ने, १८ बर्ष उमेर पुगेको लक्षित समुदायको नेपाली नागरिक। | ए.सी.फ्रिज पंखा मोटर मर्मत, हाउस वायरिङ, प्लम्बिङ्ग , चुरा उत्पादन, मुर्ती,मोटर साईकल मर्मत, अचार उत्पादन, बुटिक, गुन्द्री ढकिया तथा थाकल लगायतका सजावटका सामाग्री उत्पादन, फर्निचर पेन्टिङ्ग्, मोटर ड्राइभिङ, आधारभुत वा एड्भान्स सिलाई कटाई, जुत्ता चप्पल उत्पादन,मेटल काष्टिङ(ग्रिल), वाद्यवादन तथा वाद्यवादन सामाग्री उत्पादन, बारिष्टा लगायतका अन्य सम्भाव्य विषयहरु मध्ये क्रमशः बढि दरखास्त परेका बिषयहरुमा उद्यमी तथा रोजगारी श्रृजना एवं व्यवसायिक सम्भाव्यताका आधारमा १ कार्यक्रममा कम्तिमा १ बिषय हुने गरी तालिमको बिषय र अवधी एकिन गरी तालिम संचालन गरिनेछ। यहाँ उल्लेखीत बिषयहरु वाहेकका अन्य कुनै विषयमा तालिम प्राप्त गर्न चाहने व्यक्तीहरुले तालिम को बिषय, अवधी, लागत, व्यवसायिक संभावना, प्रशिक्षण प्रकृया लगायत कुराहरु समावेश गरी सामुहिक रुपमा समेत निवेदन पेश गर्न सकिनेछ। |
| २ | मधेशी मुस्लिम पिछडा वर्ग महिला उद्यमीलाई सिपमुलक तालिम र प्रविधी हस्तान्तरण (महिला लक्षित) | १५ जना | तालिम पछि व्यवसाय संचालन गर्ने इच्छा भएको,साधारण लेखपढ गर्न सक्ने, मधेशी,मुस्लिम, पिछडा वर्गको १८ बर्ष उमेर पुगेको महिला, नेपाली नागरिक। | |
| ३ | महिला उद्यमशिलता सीप विकास तालिम र प्रविधि हस्तान्तरण (महिला लक्षित) | १५ जना | तालिम पछि व्यवसाय संचालन गर्ने इच्छा भएको, साधारण लेखपढ गर्न सक्ने, १८ बर्ष उमेर पुगेको लक्षित समुदायको नेपाली नागरिक महिला। | |
| ४ | पटेर/थाकलबाट गुन्द्री ढकिया लगायतका हस्तकला सामाग्री उत्पादन तालिम | २० जना | तालिम पछि व्यवसाय संचालन गर्ने इच्छा भएको, साधारण लेखपढ गर्न सक्ने, १८ बर्ष उमेर पुगेको, नेपाली नागरिक। | |
| ५ | भगत सर्वजित सिप विकास प्रवर्द्धन कार्यक्रम (दलित लक्षित) | ३० जना | तालिम पछि व्यवसाय संचालन गर्ने इच्छा भएको, साधारण लेखपढ गर्न सक्ने, १८ बर्ष पुगेको दलित समुदायको नेपाली नागरिक। दलित समुदायको व्यक्ती हो भन्ने प्रमाण खुल्ले कागजात। | |
| ६ | प्रारम्भिक तालिम प्राप्त गरिसकेका व्यक्तीहरुलाई स्तरोन्नती तालिम र प्रविधि हस्तान्तरण | ५० जना | सम्बन्धित बिषयमा प्रारम्भिक तालिम प्राप्त गरेका व्यक्ती तथा व्यवसाय संचालन गरिरहेका उद्यमीहरुलाई र तालिम पछि व्यवसाय शुरु तथा स्तरोन्नती गर्ने इच्छा भएको उद्योगी वा उद्योगका कामदारहरु, नेपाली नागरिक | |
| ७ | स्थानीय कच्चापदार्थमा आधारित वस्तु सामाग्री उत्पादन तालिम | १५ जना | तालिम पछि व्यवसाय संचालन गर्ने इच्छा भएको, साधारण लेखपढ गर्न सक्ने, १८ बर्ष पुगेको, नेपाली नागरिक। | |
| ८ | बुद्धकालीन र बुद्ध सस्कृति अधारीत मुर्तीकला सम्बन्धी तालिम | ३० जना | तालिम पछि व्यवसाय संचालन गर्ने इच्छा भएको, साधारण लेखपढ गर्न सक्ने, १८ बर्ष पुगेको नेपाली नागरिक। | |
| ९ | मोटर साईकल मर्मत तालिम | १५ जना | तालिम पछि व्यवसाय संचालन गर्ने इच्छा भएको, साधारण लेखपढ गर्न सक्ने, १८ बर्ष पुगेको नेपाली नागरिक। | |
| १० | किशोर किशोरीलाई सीपमुलक सिलाई कटाई तालिम | १५ जना | तालिम पछि व्यवसाय संचालन गर्ने इच्छा भएको, साधारण लेखपढ गर्न सक्ने, १८ बर्ष पुगेको नेपाली नागरिक। | |

**पुनश्चः**
- ❖ आवेदन फारमका साथ नागरिकता तथा, शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि, २ प्रति फोटो, सि.नं. ५ को हकमा सम्बन्धित समुहमा पर्ने व्यक्ती हो भनि खुल्नेगरी सम्बन्धित सरकारी निकाय वा आयोगबाट जारी भएको प्रमाण समेत र सि.नं. ६ को उद्योगको हकमा उद्योगको प्रमाणपत्र र नविकरण गरेको प्रमाण र करचुक्ता गरेको प्रमाण र कामदारलाई तालिममा सहभागि गराउने भए सिफारिसर प्रारम्भिक तालिम प्राप्त गरेको प्रमाण समेत पेश गर्नुपर्नेछ।
- ❖ रित नपुगी तथा म्याद नाघी आएका निवेदन उपर कारवाही हुने छैन।
- ❖ अन्तरवार्ताको माध्यमबाट सहभागी छनौट गरिनेछ। अन्तर्वार्ता हुने मिति र स्थान बारे दरखास्त दिने सहभागीहरुलाई सम्पर्क गरी जानकारी गराईनेछ। कोभिड-१९ को माहामारी नियन्त्रण सम्बन्धमा सरकारबाट जारी भएका स्वास्थ्यको मापदण्ड पालना गरी तालिममा सहभागि हुनुपर्नेछ। थप जानकारीको लागी घरेलु तथा साना उद्योग कार्यालय,कपिलवस्तु को फोन नं. 076560065 तथा उद्यम विकास सहजकर्ता ( विनय पुडा शैनी ) को मोवाईल नं. 9868346361 मा सम्पर्क गर्न सकिने छ।

# राजनीतिक...

भिन्नता दस्तावेजहरूमा छ, कतिपय नीतिहरूमा र दैनिक राजनीतिका व्याख्या र बुझाइमा नभएको होइन, तर कुनै संस्था सञ्चालन या राज्यको स्रोतको वितरण र प्रयोगको तहमा पुग्दा त्यस्तो भिन्नता केलाउन मुस्किल हुन्छ। अँ, यिनीहरूको वैचारिकी निर्माणको ऐतिहासिक प्रक्रिया र हुर्काइको विद्यालय फरक भएकाले त्यसको छाप भने अवश्य भेटिन्छ। यो त्यही पक्ष हो जसले यी दलहरूबीच बहस, छलफल, विरोध, आलोचना र एकले अर्कोलाई पटक्कै नरुचाउने मनोविज्ञान बनेको हुन्छ। यिनलाई अलग राख्ने र एकबाट अर्कोमा जान नदिने तत्त्व पनि यहीँ निहित छ।

दलहरूलाई थप गतिशील बनाइरहन एवं सीमित व्यक्ति र समूहका वरपर राजनीतिक सत्ताकेन्द्रित रहने अवस्था तोड्न हरेक दलभित्र थप लोकतान्त्रिक अभ्यास, थप खुला बहस र मूल्यांकन पद्धति अपनाउनु आवश्यक छ। चिनियाँ कम्युनिस्टहरूका कतिपय कार्यशैलीमा अनावश्यक सामन्ती ढस्सा देखिन्छ। त्यसलाई छाड्ने हो भने चिनियाँ कम्युनिस्ट पार्टीले कार्यकर्ता उत्पादन र पुनरुत्पादनको जुन शैली अपनाएको छ, त्यसबाट सिक्दा नेपालका राजनीतिक दलहरूलाई आम जनताका प्रतिनिधि बन्न सहयोग हुन्थ्यो र समाजको विविधता वास्तविक रूपमा पार्टी चरित्रमा मुखरित हुन्थ्यो।

*-कान्तिपुरबाट*

कृष्णनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कृष्णनगर,कपिलवस्तु
लुम्बिनी प्रदेश,नेपाल

फोन न. ०७६५२०१४७
फ्याक्स न.+९७७७६५२०६८४

पत्र सङ्ख्याः २०७९/८०
चलानी नम्बर :

मितिः२०७९।०५।३१

**बोलपत्र स्वीकृत गर्ने सम्बन्धमा आशयको सूचना**

यस कृष्नानगर नगरपालिकाको आ.व.२०७९/८० को लागि ठेक्का द्वारा कृष्णनगर तथा बहादुरगंज बजार तथा नाला सरसफाई गर्ने फोहोर संकलन तथा व्यवस्थापन गर्ने कार्य र बेवारिसे लास सतगत गर्ने तथा मरेका छाडा पशु चौपाया लाई व्यवस्थापन गर्ने / कृष्णनगर नगरपालिका वडा नं.१ को नेपाल बिद्युत प्राधिकरण देखि सेमरा गाउँ हुदै भन्सार कार्यालय सम्म , कृष्णनगर न.पा-०२ सम्पूर्ण वडा बजार क्षेत्र , कृष्णनगर नगरपालिका वडा नं.२ झंडेनगर क्षेत्र र कृष्णनगर नगरपालिका वडा नं.८ र ९ को बहादुरगंज बजार क्षेत्र सरसफाई तथा नाला सरसफाई गरि फोहोर संकन तथा व्यवस्थापन समेत र बेवारिसे लास र मरेका पशु चौपायाहरुलाई व्यवस्थापन गर्न(Contract Number KNM/NCB/Sarsaphai-01/079/80) का लागि मिति २०७९/०५/०३ गते बुद्ध दर्पण राष्ट्र दैनिक मा प्रकाशित बोलपत्र आव्हान सम्बन्धि सूचना अनुसार रितपूर्वक मिति २०७९/०५/१९ गते सम्म दिउसो १२:०० बजे सम्म पर्न आएका तपसिल ठेक्का नम्बर र बोलपत्रदाताको बोलपत्र कममुल्यांकित भई सारभूत रुपमा प्रभावग्राही भएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल

| क्र.स. | ठेक्का नं. | बोलपत्रदाताको नाम ठेगाना | आयोजनाको नाम | कबोल अंक(मु.अ.करसहित मासिक रु.) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | KNM/NCB/Sarsaphai-01/079/80 | सुपर कप्स सेक्युरीटी सिद्धार्थ न पा.-०३ | कृष्णनगर तथा बहादुरगंज बजार तथा नाला सरसफाई गर्ने फोहोर संकलन तथा व्यवस्थापन गर्ने कार्य र बेवारिसे लास सतगत गर्ने तथा मरेका छाडा पशु चौपाया लाई व्यवस्थापन गर्ने / कृष्णनगर नगरपालिका वडा नं.१ को नेपाल बिद्युत प्राधिकरण देखि सेमरा गाउँ हुदै भन्सार कार्यालय सम्म , कृष्णनगर न.पा-०२ सम्पूर्ण वडा बजार क्षेत्र , कृष्णनगर नगरपालिका वडा नं.२ झंडेनगर क्षेत्र र कृष्णनगर नगरपालिका वडा नं.८ र ९ को बहादुरगंज बजार क्षेत्र सरसफाई तथा नाला सरसफाई गरि फोहोर संकन तथा व्यवस्थापन समेत र बेवारिसे लास र मरेका पशु चौपायाहरुलाई व्यवस्थापन | ३,३७,८७०/- | |

रामचन्द्र ढकाल
प्रमुख प्रशासकीय अधिकृत

लागु औषद सेवनले मानिसको शारिरिक र मानसिक स्वास्थ्य बिग्रन्छ ,धन सम्पतीको वर्वाद गर्दछ ।यसको प्रयोग वाट आफु ,परिवार,सामाजलाई नै अपुरणीय क्षेती पुग्ने हुदा यस्ता पदार्थ देखी टाढा रहौं ।
अनुरोधक :-
कन्चंन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
रुपन्देही

मानव बेचविखन विरुद्ध सारा नेपाली एक हाऔं।
अनुरोधक :-
बाणगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

छोरा र छोरी सामान व्यवहार गरौं ,। छोरी लाई पनि स्कुल पठाऔं ।
अनुरोधक :-
बुद्धभुमि नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

रोगबाट बच्न व्यतिगत सरसफाईमा विशेष ध्यान दिऔं ।
अनुरोधक :-
कृष्णनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

घर पालुवा पशुपंक्षीलाई जङ्गली जनावरको सम्पर्कमा आउन नदिऔं ।
अनुरोधक :-
मायादेवी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

सफासँग हात धोएर मात्र खाना खाने गरौं ।
अनुरोधक :-
कपिलवस्तु नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

रुख रापौं,वन जंगल जोगाऔं बाढी, पहिरोको जोखिम घटाउ ।
अनुरोधक :-
विजयनगर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

वस्तु वा सामान खरिद गर्दा अनिवार्य रुपमा बिल लिने गरौं ।
अनुरोधक :-
सैनामैना नगरपालिका नगरकार्यपालिकाको कार्यालय
रुपन्देही

खानेपानीका मुहानहरु सफा राखौं ।
अनुरोधक :-
शिवराज नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

सागसब्जी सफापानीले पखालेर मात्र खाने गरौं ।
अनुरोधक :-
महाराजगञ्ज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

चर्पीमा मात्रै दिसा पिसाव गरौं ।
अनुरोधक :-
शुद्धोधन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

# नागरिकता बनाउन सकस




कपिलवस्तु ३० भदौ

नागरिकता बनाउने सेवाग्राहीको चाप बढेपछि कपिलवस्तुको इलाका प्रशासन कार्यालय चन्द्रौटामा दुई महिना पालो कुर्ने बाध्यता भएको छ। राष्ट्रिय परिचयपत्र बनाउने क्रममा स्टिकर नभएका, पुरानो भएका, अक्षर नबुझिने खालका नागरिकता परिचयपत्रको सिस्टमले नलिएपछि प्रतिलिपि बनाउने चाप बढेको कार्यालय प्रमुख नारायण पाण्डेले बताउनुभयो । कार्यालयमा सेवाग्राहीको भीड भएपछि भाद्र १३ गतेदेखि टोकन प्रणाली लागु गरिएको छ। नयाँ बनाउनलाई खासै समस्या छैन तर प्रतिलिपि बनाउनलाई ठूलो चाप रहेको छ । टोकन लागु गर्नु अघिका सात सय र टोकन लागु गरेदेखि एक हजारभन्दा बढीको नागरिकता बनाउने चाप रहेको बताइएको छ । सूचना अधिकृत हिमलाल विश्वकर्माका अनुसार नागरिकता लिने व्यक्तिको अत्यधिक चापले सेवाग्राहीलाई धेरै समय लाग्ने गरेको बताउनुभयो । दसैं र तिहारमा बिदा धेरै भएको कारणले नागरिकता लिन लामो समय कुर्नपर्ने बाध्यता रहेको छ।

नागरिकता लिन कार्तिक १६ गतेसम्मको टोकन वितरण भएको विश्वकर्माले बताउनुभयो । तर विदेश जाने, अपाङ्गता भएका, वृद्ध, अशक्त, जटिल समस्या भएका नागरिकलाई भने समयमा नागरिकता उपलब्ध गराएको कार्यालयले जनाएको छ।

# प्रभावशाली नेता यमबहादुर एमालेमा




चितवन ३० भदौ

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको मुखैमा नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई धक्का लाग्ने गरी सो पार्टीका प्रभावशाली नेता यमबहादुर परियार (इन्द्रजीत) नेकपा एमालेमा प्रवेश गरेका छन्। माओवादी केन्द्रीय सदस्य परियार हाल चितवन जिल्ला सहइन्चार्ज छन्।

एमाले र माओवादी एकतापछि बनेको नेकपाको चितवन जिल्ला अध्यक्ष बनिसकेका परियार बिहीबार एमाले केन्द्रीय कार्यालय च्यासलमा आयोजित कार्यक्रममा एमाले प्रवेश गरेका हुन् । परियार पाँच पटक माओवादी पार्टीको चितवन जिल्ला अध्यक्ष तथा सेक्रेटरी भइसकेका नेता हुन्।

परियारसहित माओवादी जनमुक्ति सेनाका तत्कालीन ब्रिगेड कमाण्डर अन्जन तिमल्सिनालगायत नवप्रवेशीलाई अध्यक्ष केपी शर्मा ओली, उपाध्यक्ष रामबहादुर थापा बादल, सुरेन्द्र पाण्डेलगायतका नेताहरुले स्वागत गरेका थिए।

माओवादी अध्यक्ष प्रचण्डको निर्वाचन क्षेत्र माडीबाटै राजनीति गरेका परियारको एमाले प्रवेशलाई सो पार्टीका नेताहरुले ठूलो उपलब्धिका रुपमा व्याख्या गरेका छन्। सोही कार्यक्रममा चितवनकै कालिका नगरपालिका कमिटीका उपाध्यक्ष दिनेश विक पनि एमाले प्रवेश गरेका छन्।

चितवनबाट ठूलो संख्यामा प्रभावशाली जिल्ला नेताहरु एमालेमा प्रवेश गरेको जिल्ला अध्यक्ष रामप्रसाद न्यौपानेले बताए। न्यौपानेलाई एमालेले प्रचण्डविरुद्ध उम्मेदवार बनाउन एकल नाम सिफारिस गरेको छ । परियारलगायतका नेताहरुको प्रवेशलाई एमाले नेताहरुले ट्रेलरमात्र भन्दै चुनावअघि थप धक्का दिइने दाबी गरेका छन् ।एमाले प्रवेश गर्दै परियारले आफू चौथो महाधिवेशनदेखि विभिन्न कालखण्डमा माओवादी जनयुद्धमा होमिएको भन्दै कुनै न कुनै रुपमा सधैं महत्वपूर्ण भूमिकामा रहेर काम गरेको बताए।

# जग्गा वर्गीकरण नहुदा राजश्वमा कमी



पाल्पा ३० भदौ

गत जेठ अन्तिम सातादेखि सरकारले कित्ताकाट रोकेर घरजग्गा कारोबारमा कडाइ गरेसँगै मालपोत कार्यालयबाट संकलन हुने राजस्व ५० प्रतिशतले घटेको छ। मालपोतमा अघिल्लो आर्थिक वर्षको साउनमा ३५ लाख रुपैयाँ राजस्व संकलन भएको थियो। तर, यस वर्ष भने सोही महिनामा २० लाख रुपैयाँ मात्र उठेको छ।

सरकारले गएको जेठ २७ मा भूउपयोग नियमावली कार्यान्वयन गर्न १२ बुँदे निर्णय जारी गरेको हो। यससँगै कित्ताकाट रोकिएको जिल्ला मालपोत कार्यालय पाल्पाका प्रमुख दुर्गाप्रसाद खनालले बताए। उनका अनुसार अघिल्लो वर्ष साउनमा पुँजीगत लाभकर ८ लाख रुपैयाँ उठेको थियो। यस वर्ष ४ लाख रुपैयाँमा झरेको छ। रजिस्ट्रेसन, न्यायिक, रोक्का, सेवा, पुँजीगत लाभकर र विविध शीर्षकमा मालपोतमा राजस्व संकलन हुन्छ। कित्ताकाट गर्न रोके पनि स्थानीय तहले जग्गा वर्गीकरण नगर्दा राजस्व संकलनमा प्रत्यक्ष असर परेको नापी कार्यालयका प्रमुख अर्जुन पौडेलले बताए।

# नेपाल भारत मैत्री संघको आठौं सभा पोखरामा




पोखरा ३० भदौ

नेपाल भारत मैत्री संघको आयोजनामा पोखरामा आठौं केन्द्रीय मैत्री सभा हुने भएको छ। पत्रकार सम्मेलन मार्फत नेपाल भारत मैत्री संघका कार्यवाहक अध्यक्ष शैलेन्द्र मोहन झाले असोज १ गते पोखराको सभागृह हलमा उक्त कार्यक्रम गर्न लागिएको जानकारी दिए। पोखराको पर्यटन विकासका लागि संघले मैत्री सभा पोखरालाई नै छानेको संघका कार्यवाहक अध्यक्ष झाले बताए।

७० जिल्लामा शाखा विस्तार भएको र १ सय २३ शाखा-उपशाखाबाट सहभागि हुन पोखरा आउने भएकाले पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने उद्देश्यले आफूहरुले कार्यक्रम आयोजनाक लागि पोखरालाई छनोट गरिएको केन्द्रीय सचिव अरुण कुमार पाण्डेयले जानकारी दिए।

कार्यक्रमको उद्घाटन गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले गर्ने संघले जनाएको छ। मैत्री सभामा ३ सय भन्दा बढीको सहभागिता रहने कार्यक्रममा नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तब र विभिन्न प्रदेशका मन्त्रीहरुको सहभागिता रहने आयोजकले जनाएका छन्।

**लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार।**

- लागूऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ।
- लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्रीवितरण तथा सेवन कानूनतः दण्डनीय छ।
- गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं।

**स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुव्यसनलाई निरुत्साहन गरौं।**

प्रदेश सरकार
आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय
लुम्बिनी प्रदेश

**सर्पको टोकाईबाट बचौं र बचाऔं ।**

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- घाईतेलाई सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी नसुताई सवारी साधनमा बसाएर लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

कमन नेपाल खोज तथा अनुसन्धान प्रतिष्ठानद्वारा प्रकाशित राष्ट्रिय दैनिक बुद्ध दर्पणका लागि
प्रबन्ध निर्देशक: लक्ष्मण बेल्बासे, अतिथि सम्पादक: नारायणप्रसाद पौडेल, प्रधान सम्पादक: बसन्त गिरी, सम्पादक : पार्वती पाण्डे, प्रबन्ध-सम्पादक : डिलाराम भुसाल, व्यवस्थापक : रामु पौडेल, कम्प्युटर सेटिङ : सागर क्षेत्री
प्रधान कार्यालय : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, फोन नं. ०७६-५५०२६०, फ्याक्स: ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , ईमेल: buddhadarpan@gmail.com मुद्रण: कलर अफसेट प्रेस, बुटवल, रुपन्देही